# धुनिवेशी नगरपालिकाको आर्थिक ऐन-२०७७

नगरसभाबाट स्वीकृत भएको मिति : २०७७/०३/१०

## कार्यविधि प्रमाणिकरण

प्रमाणिकरण गर्नेको दस्तखत

नामः- बालकृष्ण आचार्य

पदः- नगर प्रमुख

# धुनिवेशी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०७७

**प्रस्तावनाः**
धुनिवेशी नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नगर सभाले यो ऐन बनाएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **"धुनिवेशी नगरपालिका, आर्थिक ऐन, २०७७"** रहेको छ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतेदेखि धुनिवेशी नगरपालिका क्षेत्रमा लागू हुनेछ।

**२. स्थानीय पूर्वाधार (सडक) उपयोग शुल्क :**

(१) धुनिवेशी नगरपालिकाले अनुसूची -१ बमोजिम नगर क्षेत्र भित्रका स्थानीय सडकहरु उपयोग गरे बापत स्थानीय पूर्वाधार उपयोग शुल्क उठाउने छ।

**३. दहत्तर बहत्तर शुल्क :**

(१) आर्थिक वर्ष २०७७/७८ मा ढुङ्गा, गिट्टी,बालुवा, दहत्तर बहत्तरको संकलनमा अनुसूची २ बमोजिमको दरमा तोकिए अनुसार शुल्क लगाईनेछ।

(२) उपदफा (१) बमोजिम संकलन गरिएको रकमको बाँडफाँड तोकिए अनुसार हुने छ।

**४. घर वहाल करः**

धुनिवेशी नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि -३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ।

**५. सम्पत्ति करः**

धुनिवेशी नगरपालिकाका क्षेत्रभित्र अनुसूचि -४ बमोजिम सम्पत्ति कर र घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ।

**६. मालपोत करः**

धुनिवेशी नगरपालिका क्षेत्रभित्र अनुसूचि -५ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ।

**७. व्यवसाय करः**

(१) धुनिवेशी नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि -६ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ।

**८. सेवा शुल्क, दस्तुर :**

(१) धुनिवेशी नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट अनुसूची -७ मा तोकिएको सेवा शुल्क र दस्तुर लगाइने र असूल उपर गरिनेछ।

**९.घर जग्गा रजिष्ट्रेशन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर :**

(१) धुनिवेशी नगरपालिका क्षेत्रभित्र घर जग्गा रजिस्ट्रेसन शुल्क, सेवा शुल्क र रोक्का दस्तुर प्रदेश कानून अनुसार संकलन गरिनेछ ।

**१०.विज्ञापन कर:**

(१) आर्थिक वर्ष २०७७/७८ मा नगरपालिका भित्र राखिने होडिङवोर्ड, साईनवोर्ड, व्यानर, ट्रार्भभिजन बोड,ग्लोबोर्ड स्लट, डिजिटल बोर्ड, धातुको फ्रेम वा कुनै स्थानमा लेख्ने वा विद्युतीय तरंग प्रयोग गरिएको प्रचारको लागि राखिने बस्तु वा सामग्रिमा गरिने विज्ञानपनमा अनुसूचि-८ मा तोकिएको दरमा विज्ञापन कर लगाइने र असुल उपर गरिने छ ।

**११. दण्ड जरिवानाः**

धुनिवेशी नगरपालिकाबाट विषयगत कानुनद्वारा दण्ड जरिवाना तोक्न, हेरफेर गर्न, साविकका व्यवस्थालाइ संशोधन गर्न सकिने छ ।

**१२. दर घटाउन र बढाउन र छुट दिन सक्नेः**

(१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि नगरपालिकाले आवश्यकता अनुसार यो ऐन र अन्य कानून बमोजिम लगाईने दस्तुर, शुल्क, महशुल, र करको दर घटाउन, बढाउन वा त्यस्तो दस्तुर शुल्क, महशुल र कर आंशिक वा पूर्ण रुपमा छुट दिन सक्नेछ । त्यस्तो दर घटाएको, बढाएको वा छुट दिएको सूचना स्थानीय राजपत्रमा प्रकाशन गर्नुपर्नेछ । आ.व. ०७७७८ मा अनुसूची -९ बमोजिम कर छुट गरिने तथा तोकिए अनुसार हर्जना रकम समेत थप शुल्क असुल गरिने छ ।

(२) उपदफा (१) बमोजिम दिईएको पूर्ण वा आंशिक कर छुट सुविधाको कसैले दुरुपयोग गरेमा त्यसरी छुट दिईएको दस्तुर, शुल्क, महशुल र कर रकम असुल उपर गरी सो रकम बराबरको जरिबाना गरिनेछ ।

**१३.कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः**

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि धुनिवेशी नगर कार्यपालिकाले तोके अनुसार हुने छ ।

**१४. प्रक्रिया सरलीकरण वा वाधा अड्काउ फुकुवा गर्न सक्ने :**

प्रचलित कर सम्बन्धी कानून तथा यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा अडकाउ पर्न गएमा नगर कार्यपालिकाले अवधि थप गर्न, प्रक्रिया सरलीकरण गर्न वा प्रक्रियामा देखिएको बाधा अड्काउ फुकुवा गर्न विशेष व्यवस्था गर्न सक्नेछ ।

# अनुसूची १

## (दफा २ संग सम्बन्धित)
## स्थानीयपूर्वाधार (सडक) उपयोग शुल्क

नगरपालिका भित्रका स्थानीय सडक प्रयोग गर्ने सवारी साधनहरुबाट लिईने पूर्वाधार उपयोग करको दर :

| प्रकार | इकाई | दर |
|---|---|---|
| स्थानीय पूर्वाधार (सडक) उपयोग कर | | |
| बस, ट्रक, ट्रिपर लगायत ठूला सवारी साधन | पटक | १०० |
| मिनी मिनी बस तथा मिनिट्रक,आईचर | पटक | ७५ |
| निसान लगायत मालवाहक साना सवारी साधन | पटक | ५० |
| भाडाका ट्याक्सी, जीप, माईक्रो बस | पटक | २५ |

# अनुसूची २ :

## (दफा ३ संग सम्बन्धित)
## ढुङ्गा,गिटी, बालुवा, माटो,दहत्तर बहत्तर शुल्क

| विवरण | इकाई | दर<br>संकलन शुल्क रु. | विक्रि मुल्यको प्रतिशत |
|---|---|---|---|
| माटो (स्वीकृत खानी क्षेत्र बाहेकमा) | प्रति घन फिट | २।५० | १०% |
| ढुङ्गा, चुनढुङ्गा,खरिढुङ्गा,गिट्टी,ग्राभेल,रोडा,बालुवा (स्वीकृत खानी क्षेत्र वाहेकमा) | प्रति घन फिट | ९।- | १०% |
| स्लेट (स्वीकृत खानी क्षेत्र वाहेकमा) | प्रति घन फिट | ९।- | १०% |
| दहत्तर बहत्तर सामाग्रीको विक्रि मुल्यमा दश प्रतिशत शुल्क लाग्नेछ । | विक्रि मुल्यको | - | १०% |
| व्यक्तिको नीजि जग्गाबाट माटो विक्रि गर्दा जग्गा धनीले नै कति घन फिट माटो विक्रि गर्ने हो एकिन गरी नगरपालिकामा निवेदन दिनु पर्ने छ । निवेदन प्राप्त भए पछि नगर कार्यपालिकाले निर्णय गरी बार्षिक रुपमा एकमुष्ट शुल्क लिने गरी व्यवस्था मिलाउने छ । | एकमुष्ट | नगर कार्यपालिकाले तोके अनुसार | |

सार्वजनिक जग्गा तथा स्थान बाहेक व्यक्तिको स्वमित्वमा रहेको निजी जग्गाको माटो उत्खनन् गर्दा निम्न कुरा समेतका आधारमा स्वीकृति दिइने छ ।

- सांध सीमानामा पर्ने जग्गा धनीहरुको लिखित स्वीकृति भएको हुनु पर्नेछ ।
- माटो उत्खननबाट प्राकृतिक स्रोतको दुरुपयोग, भौगोलिक संरचना,मानवीय बासस्थान,सार्वजनिक तथा व्यक्तिगत भवन लगायतको संरचना,सडक, कुलो, नहर,सांधसिमाना रहेको छिमेकीको जग्गाको संरचना आदिमा असर नपर्ने हुनु पर्नेछ ।

### अनुसूची ३

(दफा ४ संग सम्बन्धित)

## घरबहाल कर

क) नगरपालिका क्षेत्र भित्र कुनै घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर) कारखाना, जग्गा वा पोखरी पुरै वा आंशिक तबरले बहालमा दिएकोमा सम्वन्धित घर वा जग्गाधनीवाट १० प्रतिशत भाडा कर लिने । भाडा संम्झौता अनुसार हुने रकम वा देहायको न्यूनतम भाडा दर अनुसार जुन बढी हुन्छ सो अनुसार भाडा कर १० प्रतिशतका दरले लिने ।

| विवरण | अवधि | न्युनतम भाडा दर | मासिक कर रु. |
|---|---|---|---|
| राष्ट्रिय राजमार्ग क्षेत्रका सटर (प्रति सटर) | मासिक | ३००० | ३०० |
| राजमार्ग क्षेत्रमा भित्री सडकका सटर (प्रति सटर) | मासिक | १००० | १०० |
| राजमार्ग क्षेत्रमा घरको माथिल्लो तला वा अन्डरग्राउड कोठा | मासिक | १३०० | १३० |
| भित्री सडकका घरका माथिल्लो तलाका कोठाहरु | मासिक | ९०० | ९० |
| ग्रामीण क्षेत्रका सटर भाडा | मासिक | १००० | १०० |
| ग्रामीण क्षेत्रका कोठा भाडा | मासिक | ५०० | ५० |
| राजमार्गका घुम्ती पसल भाडा | मासिक | १००० | १०० |
| जग्गा भाडा (राजमार्ग क्षेत्र) प्रतिरोपनी | मासिक | ५००० | ५०० |
| जग्गा भाडा (ग्रामीण क्षेत्र व्यापार व्यवसाय संचालन गर्ने ) प्रतिरोपनी | मासिक | १००० | १०० |
| उद्योग, व्यवसार्य, फर्म संचालनको लागि लिएको जग्गा भाडा (प्रतिरोपनी) | मासिक | १००० | १०० |

## अनुसूची ४

(दफा ५ संग सम्बन्धित)
**सम्पत्तिकर :**

हाल घर र घरले चर्चेको जमिनमा सम्पत्ति कर लगाउँदा निम्न अनुसार वर्गिकरण गरी घरको मुल्याङ्कन गर्ने र देहायको दर अनुसार  सम्पत्ति कर लिने ।

**घर/टहर मुल्याङ्कन गर्ने आधार**

| घरको प्रकार | ईकाइ | मुल्याङ्कन रु. |
|---|---|---|
| क. आर.सि.सि.फ्रेम स्टक्चर | प्रति स्क्वायर फिट | १,५०० |
| ख. सिमेन्ट जोडाईमा ईटा ढुङ्गाको गाह्रो आर सि सि छाना | प्रति स्क्वायर फिट | १,००० |
| ग. माटोको जोडाइमा ईटा वा ढुङ्गाको गाह्रो - आर सि.सि.वा सिमेन्ट जोडाईमा ईटा वा ढुङ्गाको गारो जस्ता/टायलको छानो | प्रति स्क्वायर फिट | ५०० |
| घ. माटोको जोडाईमा ईटा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | प्रति स्क्वायर फिट | ३०० |
| ङ. सेड वा कच्चीघर | प्रति स्क्वायर फिट | १०० |

उपरोक्त अनुसार घरहरुको वर्गिकरण गरी घरको मुल्याङ्न गरी सम्पत्ति कर लगाउन सिफारीस गर्ने । आ.ब.०७५/७६ सम्मका लागि उपरोक्त अनुसार मुल्याङ्कन गर्दा ह्रास कट्टी नगरिने र ०७७।७८ को लागि उपरोक्त मूल्याकंनमा १० प्रतिशत ह्रास कट्टी गरिने छ ।

**घरको मुल्य निर्धारण गर्ने सूत्र : घरको कुल क्षेत्रफल (जम्मा फ्लोर एरिया) × प्रति स्क्वायर फिट लागत**

**सम्पत्ति कर : (घर, टहरा छप्पर, सेडमा असुल गर्ने सम्पत्ति करको दर :**

| मुल्याङकन रकम रु. देखि | मुल्याङक्न रकम रु. सम्म | सम्पत्ति कर (प्रतिलाख रु.) | कैफियत |
|---|---|---|---|
| | ३० लाख सम्म | ५ | |
| ३० लाख १ देखि | ५० लाख | १० | |
| ५० लाख १ देखि | १ करोड | १३ | |
| १ करोड १ देखि | २ करोड | १५ | |
| २ करोड १ देखि | ३ करोड | १७ | |
| ३ करोड १ देखि | ५ करोड | १९ | |
| ५ करोड १ देखि | १० करोड | २१ | |
| १० करोड १ देखि | १५ करोड | २३ | |
| १५ करोड १ देखि | १५ करोड माथी | २५ | |

**उपरोक्त अनुसार सम्पत्ति कर लिदाँ रु. १००।- भन्दा कम आए पनि न्यूनतम रु.१००।-  सम्पत्ति कर लिने ।**

## अनुसूची ५

(दफा ६ संग सम्बन्धित)

### मालपोत कर

मालपोत असुली देहाय अनुसार गर्ने

१. मालपोत कार्यालयले आ.ब.०७७/७८ को लागि जग्गाको रजिष्ट्रेसन दस्तुर निर्धारण गर्ने प्रयोजनाको लागि गरेको वर्गिकरण र वर्गिकरण अनुसारको दरलाई नै मालपोत असुल गर्ने प्रयोजनको लागि धुनिवेशी नगर क्षेत्र भित्रको जग्गालाई वर्गिकरण गर्ने ।

२. उपरोक्त अनुसार मालपोत कर लिदा एक जना व्यक्तिको नाममा भएका जग्गाहरुको न्यूनतम मालपोत रु.५०।- नघट्ने गरी प्रति लाख रु.५ का दरले मालपोत असुल गर्ने ।

३. मालपोत रकम निर्धारण गर्ने निम्न अनुसारको सूत्र प्रयोग गर्ने ।

क. मालपोत रकम $= \dfrac{\text{जम्मा जग्गा (रोपनी)} \times \text{(जग्गाको प्रति रोपनी मुल्याङ्कन रकम)} \times \text{रु ५}}{\text{रु. १,००,०००।- (अक्षरेपी एक लाख मात्र)}}$

ख. माथिको सूत्र अनुसार हुने रकम रु. ५० भन्दा कम भएता पनि न्यूनतम रु.५०।- मालपोत रकम निर्धारण गर्ने ।

## अनुसूची ६

(दफा ७ संग सम्बन्धित)
व्यवसाय कर

| उद्योग/व्यवसाय | इकाई | व्यवसाय कर रु. |
|---|---|---|
| **उद्योग** | | |
| सिमेन्ट उद्योग | वार्षिक | युनाइटेड सिमेन्ट उद्योगलाइ १०,००,००० र अन्य सिमेन्ट उद्योगलाई ३,००,००० |
| ग्यास उद्योग | वार्षिक | ४,००,००० |
| ईटा उद्योग | वार्षिक | ५,००,००० |
| दर्तावाला क्रसर उद्योग | बार्षिक | १,५०,००० |
| अनुमति प्राप्त खनिज पदार्थ उत्खनन, खोजतलास उद्योग | बार्षिक | १,५०,००० |
| सवै प्रकारका मदिरा उद्योग | वार्षिक | ४,००,००० |
| औषधी उद्योग | वार्षिक | ३,००,०००।- |
| व्याट्री उद्योग | बार्षिक | १५,००० |
| प्लाष्टिक उद्योग | वार्षिक | २५००० |
| फोम उद्योग | वार्षिक | ५०००० |
| केमिकल उद्योग | वार्षिक | २५,००० |
| पशुपक्षी आहार उद्योग | वार्षिक | २५००० |
| ह्युम पाइप, विद्युत पोल उद्योग | वार्षिक | १०,००० |
| ब्लक, रिङ, टायल र तारवार पोल उद्योग | वार्षिक | ३,००० |
| जडिबुटी वनजन्य उद्योग (खोटो समेत) | बार्षिक | १,५०० |
| झोला बोरा उद्योग | बार्षिक | १,००० |
| मैनवत्ति तथा अगर बत्ति उद्योग | बार्षिक | ५०० |
| पाउरोटी, वरफ, बिस्कुट उद्योग | बार्षिक | २,००० |
| चिउरा, भुजा तथा चामल उद्योग | बार्षिक | ३,००० |
| मसला उद्योग | वार्षिक | ५०० |
| मौरी घार उद्योग | वार्षिक | ५०० |

| | | |
|---|---|---|
| डोको, नाम्लो, भकारी, प्लास्टिक तथा बेतबासका समान उद्योग | बार्षिक | ५०० |
| स मिल तथा फर्निचर उद्योग | | |
| ट्रलि भएको | वार्षिक | ३०,००० |
| ट्रलि नभएको | वार्षिक | २०,००० |
| फर्निचर उद्योग(ठूला, मझौला) | वार्षिक | १०,००० |
| फर्निचर उद्योग (स-साना प्रविधिका) | वार्षिक | २,००० |
| ग्रिल,सटर, युपिभिसी, मेटल, आल्मुनियम उद्योग/व्यवसाय | वार्षिक | ७,००० |
| कुटानी पिसानी मिल | वार्षिक | २,५०० |
| पेलानी मिल | वार्षिक | ३,००० |
| ह्याचरी उद्योग | | |
| मासिक ५० हजार चल्ला  उत्पादन गर्ने उद्योग | बार्षिक | २५,००० |
| मासिक ५० हजार भन्दा बढी १ लाख सम्म चल्ला उत्पादन गर्ने उद्योग | बार्षिक | ३७,५०० |
| मासिक १ लाख  भन्दा बढी चल्ला उत्पादन गर्ने उद्योग | बार्षिक | ५०,००० |
| पोल्ट्री फर्म (बोईलर) | | |
| वार्षिक ३००० गोटा कुखुरापालन गर्ने | बार्षिक | ५०० |
| वार्षिक ३ हजार देखि ५ हजार गोटा कुखुरापालन गर्ने | बार्षिक | १,००० |
| वार्षिक ५ हजार देखि १० हजार सम्म कुखुरापालन गर्ने | बार्षिक | २,००० |
| वार्षिक १० हजार भन्दा बढी कुखुरापालन गर्ने | बार्षिक | ३,५०० |
| पोल्ट्री फर्म (प्यारेन्ट/लेयर्स) | | |
| बार्षिक ३००० हजार सम्म कुखुरापालन गर्ने फर्म | बार्षिक | २,५०० |
| बार्षिक ३ हजार देखि ५ हजार सम्म कुखुरापालन गर्ने फर्म | वार्षिक | ४,५०० |
| बार्षिक ५ हजार देखि १० हजार सम्म कुखुरापालन गर्ने फर्म | बार्षिक | ९,००० |
| बार्षिक १० हजार देखि २० हजार सम्म कुखुरापालन गर्ने फर्म | बार्षिक | १७,५०० |
| बार्षिक २० हजार भन्दा बढी कुखुरापालन गर्ने फर्म | बार्षिक | २५,००० |
| व्यवसायिक हांसपालन गर्ने फर्म | बार्षिक | ५०० |
| व्यवसायिक टर्कि पालन फर्म | बार्षिक | ५०० |

| | | |
|---|---|---|
| गाई फर्म | | |
| दश वटा सम्म गाईपालन गर्ने फर्म | बार्षिक | १,००० |
| दश वटा भन्दा बढी गाईपालन गर्ने फर्म | बार्षिक | २,५०० |
| व्यवसायीक बाखा फार्म | | |
| पचास वटा सम्म बाखा पालन गर्ने फर्म | बार्षिक | ५०० |
| पचास भन्दा बढी बाखापालन गर्ने फर्म | बार्षिक | १,००० |
| व्यवसायीक बंगुर फर्म | | |
| पचास वटा सम्म बंगुर पालन गर्ने फर्म | बार्षिक | १,००० |
| पचास भन्दा बढी बंगुरपालन गर्ने फर्म | बार्षिक | २,५०० |
| व्यवसायी कृषि फर्म | बार्षिक | ५०० |
| होटल, लज, रेष्टुरेन्ट, बार, क्याफे भोजनालय, मिष्ठान भण्डार | | |
| रिसोर्ट (सेमिनार हल, रेष्टुरेन्ट र ५ भन्दा बढी पाहुना कोठा भएको | बार्षिक | २०,००० |
| रिसोर्ट (रेष्टुरेन्ट र ५ भन्दा बढी पाहुना कोठा भएको | बार्षिक | १०,००० |
| रिसोर्ट (रेष्टुरेन्ट मात्र भएको) | बार्षिक | ५,००० |
| **राजमार्ग क्षेत्रमा यात्रुलाई लक्षित होटल** | | |
| दैनिक ८० जना भन्दा बढीलाई खुवाउने क्षमतामा संचालित भई खाना, खाजा र चिया, पेय पदार्थ विक्री गर्ने । | वार्षिक | १५,००० |
| दैनिक ५० जना भन्दा बढीलाई खुवाउने क्षमतामा संचालित भई खाना, खाजा र चिया, पेय पदार्थ विक्री गर्ने । | वार्षिक | १०,००० |
| दैनिक ५० जना भन्दा कमलाई खुवाउने क्षमतामा संचालित भई खाना, खाजा र चिया पेय पदार्थ विक्री गर्ने । | वार्षिक | ५,००० |
| **खाना, खाजा र मदिरा र हल्का पेय पदार्थ विक्री गर्ने रेष्टुरेन्ट , होटल** | | |
| दैनिक ५० भन्दा बढी ग्राहकलाई सेवा पुर्याउने क्षमतामा संचालित | वार्षिक | ९,००० |
| दैनिक २० देखि ५० भन्दा बढी ग्राहकलाई सेवा पुर्याउने क्षमतामा संचालित | वार्षिक | ४,००० |
| दैनिक २० भन्दा कम ग्राहकलाई सेवा पुर्याउने क्षमतामा संचालित | वार्षिक | २,००० |
| **राजमार्ग क्षेत्रका यात्रु लक्षित पार्क तथा विसौनीमा संचालित साना पसल व्यवसाय** | | |
| फलफूल मात्र विक्री गर्ने | बार्षिक | १,००० |
| हल्का पेय पदार्थ र तयारी खानेकुरा विक्री गर्ने | बार्षिक | |

| | | |
|---|---|---|
| | | ५,००० |
| ब्राण्डेड कफी सप (पर्यटक यात्रु लक्षित) | बार्षिक | ५००० |
| चिया मात्र मात्र विक्री गर्ने | बार्षिक | १,००० |
| होटल संगैका घुम्ती पसल | बार्षिक | २,००० |
| बजार क्षेत्रका होटल व्यवसाय (मदिरा विक्री नगर्ने) | | |
| मिष्ठान्न पसल | बार्षिक | ३,००० |
| खाना, खाजा, चिया | बार्षिक | ३,००० |
| चिया खाजा मात्र | बार्षिक | २,००० |
| **ग्रामीण क्षेत्रमा संचालित साना होटल** | | |
| खाना, खाजा र मदिरा र हल्का पेय पदार्थ विक्री गर्ने | बार्षिक | २,००० |
| चिया,खाजा, हल्का पेय पदार्थ विक्री गर्ने | बार्षिक | १,००० |
| लज, टेन्ट हाउस, क्याटरिङ | | |
| ५ कोठा वा १० बेड भन्दा कमको लज | बार्षिक | २,००० |
| १० कोठा वा दश वेड भन्दा बढी कोठा भएको लज | बार्षिक | ४,००० |
| १०० जना भन्दा कमलाई दैनिक क्याटरिक सेवा दिने क्षमतामा संचालित | बार्षिक | २,००० |
| १०० देखि २०० जना सम्मलाई क्याटरिङ सेवा दिने | बार्षिक | ३,००० |
| २०० जना भन्दा बढीलाई सम्मलाई एकैपटक सेवा दिने | बार्षिक | ४,००० |
| **पेट्रोलियम पदार्थ, धर्म काँटा** | | |
| पेट्रोल पम्प | बार्षिक | ५०,००० |
| ग्यासका थोक विक्रेता | बार्षिक | ५,००० |
| धर्म काँटा | बार्षिक | ५०,००० |
| **स्वास्थ्य सेवा** | | |
| निजी अस्पताल | बार्षिक | ४०,००० |
| पोलि क्लिनिक | बार्षिक | २५,००० |
| निजी मेडिकल क्लिनिक (डा.बाट नियमित चेकचाँच हुने सुविधा भएको) | बार्षिक | १०,००० |
| निजी मेडिकल हल (औषधी विक्री मात्र गर्ने) | बार्षिक | ५,००० |

| | | |
|---|---|---|
| डेन्टल क्लिनिक | बार्षिक | २,००० |
| **हार्डवयर, फर्निचर फर्निसिङ रंगरोगन तथा भाँडाकुडा** | | |
| हार्डवयर पसलहरु थोक विक्रेता | बार्षिक | २५,००० |
| फिटिङ्स सामानका थोक विक्रेता | बार्षिक | ८,००० |
| हार्डवयर पसलहरु खुद्रा विक्रेता | बार्षिक | २०,००० |
| रङ रोगन पसल | बार्षिक | ५,००० |
| प्लाई तथा सिसा पसल | बार्षिक | २,५०० |
| फर्निचर तथा फनिसिङ्ग | बार्षिक | ५,००० |
| भाडाकुडा विक्री पसल (माटो बाहेक) | बार्षिक | २,००० |
| माटोका भाँडाकुडा पसल | बार्षिक | १,००० |
| मेटलको भाँडा बनाउने व्यवशाय | बार्षिक | २,५०० |
| **अटोमोवाईलका विक्री, मर्मत तथा सेवा** | | |
| अटोमेकानिकल कम्पनीका आधिकारीक सेवा केन्द्र | बार्षिक | २०,००० |
| अटोमेकानिकल (बस, ट्रक,कार जिप, टेक्टर (व्यापारीक) पार्टस् विक्री) | बार्षिक | २०,००० |
| अटोमेकानिकल (बस,कार जिप, टेक्टर पार्टस् मर्मत) | बार्षिक | १०,००० |
| मोटर साइकल विक्री (रिकण्डिसन समेत) | बार्षिक | ५,००० |
| मोटर गाडी विल्डर्स | बार्षिक | ५,००० |
| मोविल तथा ग्रीज समेत सवारी साधन पार्टस | बार्षिक | ५,००० |
| हाते ट्याक्टर (कृषि कामको लागि) विक्री | बार्षिक | २,००० |
| टायर बिक्री | बार्षिक | ३,००० |
| टायर मर्मत (बस जिप, कार, ट्रक) | बार्षिक | १,००० |
| मोटर साइकल मर्मत | बार्षिक | ३,००० |
| साइकल, रिक्सा, छाता, कुकर समेत मर्मत | बार्षिक | ५०० |
| **मदिरा तथा हल्का पेय पदार्थ विक्रेता** | | |
| मदिराका थोक विक्रेता | बार्षिक | १०,००० |
| हल्का पेय पदार्थ थोक विक्रेता | बार्षिक | १०,००० |
| स्वदेशी मदिरा मात्र को खुद्रा विक्रेता | बार्षिक | २,००० |

| | | |
|---|---|---|
| विदेशी सहितको मदिराको खुद्रा विक्रेता | बार्षिक | ३,००० |
| **मेसिनरी, कम्प्युटर, इलेक्ट्रोनिक्स, ईलेक्ट्रिकल,** | | |
| मेशिनरी समान बिक्री (मोटर जेनेरेटर आदि क श्रेणी) | बार्षिक | २,००० |
| मेशिनरी समान बिक्री (मोटर जेनेरेटर आदि ख श्रेणी) | बार्षिक | १,५०० |
| कृषि उपकरण मर्मत तथा विक्री | बार्षिक | ५०० |
| बिजुली पसल (थोक बिक्रेता) | बार्षिक | ५,००० |
| कम्प्युटर बिक्री पसल | बार्षिक | २,००० |
| कम्पप्युटर मर्मत | बार्षिक | १,००० |
| टि.भि. फ्रिज बिक्री | बार्षिक | ३,००० |
| टि.भि. फ्रिज मर्मत | बार्षिक | १,००० |
| मोबाइल टेलिफोन क्यालकुलेटर, घडी, क्यासेट, अडियो, भिडिया बिक्री | बार्षिक | २,००० |
| मोबाइल टेलिफाने क्यालकुलेटर, घडी, क्यासेट, अडियो, भिडिया मर्मत | बार्षिक | १,००० |
| बिजुली पसल (खुद्रा बिक्रेता) | बार्षिक | २,००० |
| **पसल,व्यापार, व्यवसाय** | | |
| सुनचाँदी पसल | बार्षिक | ५,००० |
| किराना सामानको थोक विक्रेता | बार्षिक | ५,००० |
| किराना सामानको खुद्रा बिक्रेता | बार्षिक | १,५०० |
| जुत्ता चप्पल पसल | बार्षिक | २,००० |
| फेन्सी पसल | बार्षिक | २,००० |
| कस्मेटिङ पसल | बार्षिक | २,००० |
| गिफ्ट पसल | बार्षिक | २,००० |
| डिजिटल छापाखाना, छापाखाना | बार्षिक | ३,००० |
| स्टेशनरी पसल थोक बिक्रेता | बार्षिक | २,००० |
| स्टेशनरी पसल खुद्रा बिक्रेता | बार्षिक | १,००० |
| मादल तथा मर्मत विक्री पसल | बार्षिक | ५०० |
| पान पसल | बार्षिक | ५०० |

| | | |
|---|---|---|
| फोटो स्टुडियो (क्लरल्याव समेत) | बार्षिक | ५,००० |
| फोटो स्टुडियो मात्र | बार्षिक | २,००० |
| सिरक डसना पसल, कपडा पसल, टेलरिङ्ग व्यवसाय | | |
| सटिङ्ग, सुटिङ्ग लेडिज एण्ड जेन्स कपडा सहित | बार्षिक | ३,००० |
| टेलरिङ्ग व्यवसाय | बार्षिक | १,००० |
| सिरक डसना पसल | बार्षिक | १,००० |
| नसिलाएको कपडा पसल | बार्षिक | १,००० |
| सेवा व्यवसाय | | |
| केवल प्रसारण | बार्षिक | १०,००० |
| फोटोकपी, फ्याक्स, लेमिनेशन, व्याण्डिङ, कुरियर | बार्षिक | १,००० |
| साइवर,नेट,फोन सेवा (कम्युनिकेशन सेवा) क श्रेणी | बार्षिक | १,००० |
| शैलुन | बार्षिक | १,००० |
| व्युटिपार्लर तालिम समेत दिने | बार्षिक | २,००० |
| ड्राइक्लिनर्स | बार्षिक | ५०० |
| आर्ट व्यवसाय | बार्षिक | १,००० |
| भिडियो मिक्सिङ | बार्षिक | २,००० |
| बैक फाइनान्स, वित्तिय संस्थाहरु तथा सहकारी बैंक नाफा मुलक संचालन (सरकारी लगानी बाहेक) | | |
| क वर्गको बैक तथा वित्तिय संस्था | बार्षिक | १०,००० |
| ख वर्गको बैक तथा वित्तिय संस्था | बार्षिक | ७,००० |
| ग वर्गको बैक तथा वित्तिय संस्था | बार्षिक | ५,००० |
| घ वर्गको बैक तथा वित्तिय संस्था | बार्षिक | ३,००० |
| विमा कम्पनीको शाखा कार्यालय | बार्षिक | ३,००० |
| रेमिट्यान्स सेवा | वार्षिक | २,००० |
| सामुदायिक वन, अन्य सहकारी संघ, संस्था | | |
| नगरपालिका भित्रका सामुदायिक वनहरुबाट विक्रिभएका वनपैदावर शुल्कमा | विक्रि मुल्यको | १० प्रतिशत |
| वार्षिक पूँजी १० लाख भन्दा बढी भएका | बार्षिक | ५०० |

| | | |
|---|---|---|
| वार्षिक पूँजी १० लाख भन्दा कम भएका | बार्षिक | ३०० |
| निजि शिक्षालय संचालन | | |
| क्याम्पस तथा उ.मा.वि. | बार्षिक | २०,००० |
| माध्यमिक तह संचालन | बार्षिक | १५,००० |
| प्रा.वि. | बार्षिक | ५,००० |
| परामर्श, तालिम केन्द्र, इन्टिच्युट, कुरियर, ट्रान्सपोर्ट, संचार सेवा | | |
| इन्जिनियरिङ परामर्श सेवा | बार्षिक | ५,००० |
| शैक्षिक परामर्श सेवा | बार्षिक | २,००० |
| कानूनी परामर्श सेवा | बार्षिक | २,००० |
| ट्युसन सेन्टर | बार्षिक | १,००० |
| कम्प्युटर, ड्राइभिङ तथा अन्य इन्टिच्युट | बार्षिक | २,००० |
| टुर्स तथा ट्राभल्स | बार्षिक | १,००० |
| कुरियर तथा कार्गो सेवा | बार्षिक | १,००० |
| ट्रान्सपोर्ट सेवा | बार्षिक | ५,००० |
| भाडाका ढुवानी साधन र यातायात सेवा | प्रति सवारी वार्षिक | १००० |
| अनलाइन खवर पत्रिका, पत्रिका | बार्षिक | १,००० |
| एफएम रेडियो | बार्षिक | १,००० |
| **लेखा परीक्षक** | | |
| क. क श्रेणी | बार्षिक | २,००० |
| ख. ख श्रेणी | बार्षिक | १,५०० |
| ग. ग श्रेणी | बार्षिक | १,००० |
| घ. घ श्रेणी | बार्षिक | ५०० |
| निर्माण व्यावशायी | | |
| क. क श्रेणी | बार्षिक | १५,००० |
| ख. ख श्रेणी | बार्षिक | १०,००० |
| ग. ग श्रेणी | बार्षिक | ७,००० |

| | | |
|---|---|---|
| घ. घ श्रेणी | बार्षिक | ३,००० |
| बधशाला, माछा मासु र अण्डा पसल तरकारी पसल | | |
| बधशाला मार्केटिङ | बार्षिक | ७,००० |
| दैनिक १०० किलो भन्दा मासु विक्री गर्ने | बार्षिक | ३,००० |
| दैनिक ५० किलो भन्दा बढी १०० किलो भन्दा कम विक्री गर्ने | बार्षिक | २,००० |
| दैनिक ५० किलो भन्दा कम मासु विक्री गर्ने | बार्षिक | १,००० |
| अण्डा पसल | बार्षिक | १,००० |
| डेरी उद्योग (दुध तथा दुग्ध जन्य अन्य पदार्थ) | बार्षिक | २,००० |
| तरकारी, फलफुल तथा सब्जी पसल | बार्षिक | १,००० |
| रासायानिक मल, विउ विजन, किटनाशक औषधी विक्री (भेटेनरी समेत) थोक विक्रेता | बार्षिक | ५,००० |
| रासायानिक मल, विउ विजन, किटनाशक औषधी विक्री (भेटेनरी समेत) खुद्रा पसल | बार्षिक | ३००० |
| लघु जलविद्युत, बैकल्पीक उर्जा | | |
| ५० कि.वा. भन्दा कम | बार्षिक | ५,००० |
| ५० कि.वा. भन्दा बढी | बार्षिक | १०,००० |
| व्रिकेट उद्योग | बार्षिक | २,००० |
| वैकल्पिक उर्जा (सोलार, वायोग्यास जस्ता व्यवसाय) | बार्षिक | १,५०० |
| अन्य व्यवसायहरु | | |
| वितरक विक्रेता (सवै प्रकारका) | बार्षिक | ८,००० |
| अन्य सवै थोक विक्रेता | बार्षिक | ३,००० |
| डिप वोरिङ, रिपेरिङ तथा बिक्री गर्ने व्यावसाय (प्रति योजना) | बार्षिक | १०,००० |
| छाला संकलन तथा विक्री | बार्षिक | ३,००० |
| कवाडी व्यावशाय | बार्षिक | ७,००० |
| इटा, रोडा, वालुवा विक्रेता | बार्षिक | ७००० |
| ई रिक्सा | बार्षिक | १,५०० |
| टेलिफोन टावरको राखे बापत व्यवसाय कर (सरकारी स्वामित्व नभएको सेवा प्रदायकको) | प्रतिटावर वार्षिक | ५००० |
| टेलिफोन टावरको राखे बापत व्यवसाय कर (सरकारी स्वामित्व भएको सेवा प्रदायकको) | प्रतिटावर वार्षिक | २००० |

## अनुसूची ७

(दफा ८ संग सम्बन्धित)
दस्तुर तथा सेवा शुल्क

| विषय | इकाई | दस्तुर रु. |
|---|---|---|
| सिफारीस तथा प्रमाणित दस्तुर | | |
| नागरिकता/नागरिकताको प्रतिलिपी सिफारीस | वटा | २०० |
| बहाल कर लेखाजोखा (नगरलाई बहाल कर तिरेको प्रमाण पेश गरेको हुनुपर्ने) | पटक | निशुल्क |
| बन्द घर वा कोठा खोल्न सिफारीस | पटक | २०० |
| मोही लगत कट्टा सिफारीस | | |
| शहरी क्षेत्र | प्रति रोपनी | २०० |
| ग्रामीण क्षेत्र | प्रति रोपनी | १०० |
| घरजग्गा करको लेखाजोखा सिफारीस (कर तिरेको प्रमाणको आधारमा) | पटक | निशुल्क |
| जन्म मिति प्रमाणित | वटा | २०० |
| व्यापार व्यवयास, बन्द भएको, संचालन नभएको वा व्यापार हुँदै नभएको | वटा | ५०० |
| विवाह प्रमाणित वा अविवाहित प्रमाणित | वटा | ३०० |
| निःशुल्क वा शुल्क उपचार सिफारीस | पटक | निशुल्क |
| वडावाट जारी हुने कागजात अंग्रेजी भाषामा सिफारीस प्रमाणित | वटा | ५०० |
| घर पाताल प्रमाणित | **वटा** | ३०० |
| जग्गा धनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारीस गर्ने | | |
| पक्की घर | पटक | १००० |
| कच्ची घर | पटक | २०० |
| नाम, थर, जन्म मिति तथा वतन फरक भए एकै व्यक्ति हो भन्ने सिफारीस | पटक | ३०० |
| नाम थर मिति संसोधनको सिफारीस गर्ने | पटक | ३०० |
| जग्गा धनी दर्ता प्रमापत्र हराएको सिफारीस | पटक | ३०० |
| कित्ताकाट गर्न सिफारीस | | |
| जग्गाको वर्गिकरणमा क अनुसार क्षेत्र | प्रतिआना | १०० |
| जग्गाको वर्गिकरणमा ख, ग अनुसार क्षेत्र | प्रतिरोपनी | ५०० |
| जग्गाको वर्गिकरणमा घ अनुसार क्षेत्र | प्रतिरोपनी | ४०० |
| जग्गाको वर्गिकरणमा ङ, र च अनुसार क्षेत्र | प्रतिरोपनी | २०० |
| संरक्षण प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारीस गर्ने | वटा | ३०० |
| जीवितसंगको नाता प्रमाणित गर्ने | पटक | ३०० |
| मृतकसंगको नाता प्रमाणित तथा सर्जिमिन सिफारीस | पटक | ३०० |
| जीवित रहेको सिफारीस | पटक | ३०० |
| हकवाला वा हकदार प्रमाणित गर्ने | पटक | ३०० |
| नामसारी सिफारीस गर्ने | पटक | ५०० |
| जग्गाको हक सम्बन्धमा सिफारीस गर्ने | पटक | ५०० |

| | | |
|---|---|---|
| जग्गा मुल्याङ्कन सिफारीस (मुल्याङ्कन रकमको) | | |
| कुल मुल्याङकन ५० लाख सम्म हुने (सम्पक्ति कर, मालपोत र अन्य कर तिरेको आधारमा) | प्रति लाख | ५ |
| कुल मुल्याङक ५० लाख भन्दा बढी (सम्पक्ति कर, मालपोत र अन्य कर तिरेको आधारमा) | प्रति लाख | १० |
| अशक्त, असाहाय तथा अनाथ पालन पोषणको सिफारीस | पटक | निशुल्क |
| वैवाहिक अङ्गिकृत नागरिकता सिफारीस | वटा | २००० |
| आर्थिक अवस्था | | |
| आर्थिक अवस्था कमजोर रहेको सिफारीस | पटक | निशुल्क |
| आर्थिक अवस्थासम्पन्न भएको सिफारीस | पटक | ५०० |
| निजि विद्यालयको दर्ता सिफरिस शुल्क | | |
| उच्च माध्यमिक विद्यालय | | ३००० |
| माध्यमिक विद्यालय | | २००० |
| आधारभुत विद्यालय | | १००० |
| विद्यालय ठाउँसारीको सिफारीस | | ५०० |
| निजि विद्यालय कक्षा थपको सिफरिस | पटक | ५०० |
| **सामुदायिक तथा संस्थागत विद्यालयको तहगत अनुमति र कक्षा थप घरौंटी** | | |
| **सामुदायिक विद्यालय** | | |
| पूर्व प्राथमिक | एकमुष्ट | ० |
| आधारभूत (कक्षा १-१० सम्म) | एकमुष्ट | १००००० |
| माध्यमिक तह (कक्षा ११-१२ सम्म) | एकमुष्ट | ३००००० |
| **निजी विद्यालय** | | |
| पूर्व प्राथमिक | एकमुष्ट | १००००० |
| आधारभूत (कक्षा १-८ सम्म) | एकमुष्ट | ३००००० |
| माध्यमिक तह (कक्षा ९-१२ सम्म) | एकमुष्ट | ५००००० |
| धारा विद्युत टेलिफोन जडानको सिफारीस | | |
| औद्योगिक प्रयोजन | | २००० |
| व्यापारिक प्रयोजन | | १००० |
| घरायसी प्रयोजन | | २०० |
| सर्जिमिन मुचुल्का वापत (सवै प्रकारको) | | ५०० |
| अचल सम्पत्ति मूल्याङ्कन (मूल्याङ्कन अंकको) जग्गाको मुल्याङ्कन सरह | | जग्गा सरह |
| रकम कलम उठाइ दिए वापत सयकडा | १०० मा | २ |
| हरेक निवेदन दर्ता शुल्क प्रति गोटा | | ० |
| घर नम्वरिङ प्रति घर | | २०० |
| स्थलगत प्राविधिक सेवा शुल्क (स्वीकृत योजना घर नक्सा बाहेक) | | २०० |
| **घरबाटो सिफारीस ग्रामीण क्षेत्र** | | |
| घरबाटो साँध सिमाना प्रमाणित (जग्गाको वर्गीकरण अनुसार) ५ रोपनी सम्म | पटक | ५०० |
| घरबाटो साँध सिमाना प्रमाणित (५ रोपनी भन्दा बढी | | १००० |
| चार किल्ला प्रमाणित (५ रोपनी सम्म) | पटक | ५०० |
| चार किल्ला प्रमाणित, घरबाटो साँध सिमाना प्रमाणित (५ रोपनी भन्दा बढी) | पटक | १००० |

| | | |
|---|---|---|
| **घरबाटो सिफारीस राष्ट्रिय राजमार्ग** | | |
| घरबाटो साँध सिमाना प्रमाणित (जग्गाको वर्गीकरण अनुसार) १ रोपनी सम्म | पटक | १००० |
| घरबाटो साँध सिमाना प्रमाणित (१ रोपनी भन्दा बढी | पटक | २००० |
| चार किल्ला प्रमाणित (१ रोपनी भन्दा बढी ) | पटक | १००० |
| घरबाटो साँध सिमाना प्रमाणित (२ रोपनी भन्दा बढी) | पटक | २००० |
| छुट जग्गाको दर्ता सिफारिस दस्तुर | प्रति रोपनी | १००० |
| **एक रोपनी भन्दा माथी प्रति रोपनी थप** | प्रति रोपनी | ३०० |
| बैदेशिक रोजगारका लागि सिफारिस | पटक | ५०० |
| परिवार ल्याएको लगेको सिफारिस | पटक | ३०० |
| विवाह दर्ता सिफरिस (विदेसिसँग) | पटक | २००० |
| बसोवास प्रमाणित (वैदेशिक प्रयोजन) | पटक | १००० |
| नाफा मूलक संस्था दर्ता / सिफारिस शुल्क | पटक | १००० |
| सेवा मूलक संस्था दर्ता / स्वदेशी प्रयोजन | पटक | ३०० |
| आमा समुह, आमा समुह टोल सुधार संस्था दर्ता | वटा | १०० |
| कुखुरा, चल्ला, अण्डा विक्रि शुल्क (ट्रक, टिप्पर) | प्रति टिप | १०० |
| इटा विक्रि शुल्क (मिनि ट्रक, मिनि टिप्पर) | प्रति टिप | १०० |
| इटा विक्रि शुल्क (ठूलो ट्रक, टिप्पर) | प्रति टिप | २०० |
| उद्योग दर्ता सिफारीस | | |
| क. ३० करोड भन्दा बढी पूँजी भएको) | वटा | २००००० |
| ख. १० करोड भन्दा बढी ३० करोड भन्दा कम पूँजी भएको) | वटा | १५०००० |
| ग. ३ करोड भन्दा बढी १० करोड सम्म पूँजी भएको) | वटा | १००००० |
| घ. १ करोड भन्दा बढी ३ करोड सम्म पूँजी भएको) | वटा | ५०००० |
| ङ. ५० लाख देखि १ करोड सम्म पूँजी भएको) | वटा | ५००० |
| च. ५० लाख भन्दा कम लगानी भएको) | वटा | २००० |
| उद्योग दर्ता नवीकरण सिफारीस(उद्योग दर्ता सिफारीसको) | उ.द.सिफारीसको | ५ प्रतिशत |
| उद्योगको क्षमता अभिवृद्धि सिफारीस(थप पूँजीमा मात्र) | उ.द.सिफारीसको | २० प्रतिशत |
| उद्योग नामसारी सिफारीस | वटा | १००० |
| उद्योग ठाउँसारी सिफारीस गर्ने | | |
| क र ख वर्गका उद्योगहरु | पटक | ५००० |
| ग, घ वर्गका सिफारीस | पटक | २००० |
| व्यापारिक फर्म दता/नवीकरण | वटा | ५०० |
| व्यवसाय कर दर्ता/नवीकरण | वटा | ५०० |
| भाडाका ढुवानी साधन र यातायात सेवा दर्ता सिफारिस | वटा | १००० |
| भ्याट, प्यान दर्ता सिफारीस | पटक | ० |
| रुख काट्ने सिफारिस १० वटा भन्दा कम भएमा प्रतिगोटा | प्रतिगोटा | २० |
| रुख काट्ने सिफारिस १० वटा भन्दा बढी भएमा प्रतिगोटा | प्रतिगोटा | २५० |
| नेपाली पेन्सन पट्टा सम्बन्धि सिफारिस | पटक | ३०० |
| भारतीय पेन्सन पट्टा सम्बन्धि सिफारिस | पटक | २००० |

| | | |
|---|---|---|
| अन्य मुलुकको पेन्सन पट्टा सम्बन्धि सिफारिस | पटक | ३००० |
| अपुताली सिफारिस (नेपालको लागि) | वटा | १००० |
| अपुताली सिफारिस (विदेशको लागि) | वटा | २,००० |
| व्यक्तिगत घटना दर्ता, प्रमाणित सेवा शुल्क (३५ दिन सम्म) | | निशुल्क |
| व्यक्तिगत घटना दर्ता, प्रमाणित सेवा शुल्क (३६ दिन देखि ७० दिन सम्म) | वटा | ५० |
| व्यक्तिगत घटना दर्ता, प्रमाणित सेवा शुल्क (७१ दिन देखि माथी) | वटा | १०० |
| उल्लेखित बाहेकका अन्य विविध प्रमाणित तथा सिफरिस | वटा | २०० |
| अंग्रेजीमा सिफारिस | वटा | ५०० |
| न्यायीक समितिमा उजुरी दर्ता दस्तुर | पटक | २०० |
| सूचना म्याद दस्तुर | वटा | १०० |
| लिखत जवाफ दस्तुर | वटा | १०० |
| निवेदनको प्रतिलिपी दस्तुर | वटा | ५० |
| नक्कल प्रति पाना रु. | प्रति पाना | ५ |
| मेलमिलाप कर्ताको पक्षहरुवाट लिने | एकमुष्ट | रु.५००/५०० |
| घ वर्ग निर्माण ईजाजत पत्र दस्तुर | वटा | ३००० |
| घ वर्ग निर्माण ईजाजत पत्र थप दस्तुर जरिवाना | वार्षिक हर्जना | २००० |
| घ वर्गको निर्माण ईजाजत प्रतिलिपी दस्तुर | वटा | १००० |
| माथी वर्गिकरणमा नपरेका अन्य सवै प्रकारका सिफारीस (न्यूनतम रु ३००) वा माथिको वर्गिकरणसंग मिल्दोजुल्दो गरी लिने । | वटा | ३०० |

**नक्सा पास दस्तुर**

| **नक्सापास दस्तुर**<br>घरको प्रयोगको प्रयोजन | ईकाइ | औद्योगिक, व्यापारिक | आवासिय |
|---|---|---|---|
| क. आर.सि.सि.फ्रेम स्टक्चर | प्रति स्क्वायर फिट रु. | १० | ६ |
| ख. सिमेन्ट जोडाईमा ईटा वा ढुङ्गाको गाह्रो आर सि सि छाना | प्रति स्क्वायर फिट रु. | १० | ४ |
| ग. माटोको जोडाइमा ढुङ्गाको गाह्रो वा ईटाको गारो जस्ता /टायलको छानो | प्रति स्क्वायर फिट रु | ८ | ३ |
| घ. माटोको जोडाईमा ईटा वा ढुङ्गाको गारो जस्ता/टायलको छाना | प्रति स्क्वायर फिट रु, | | १ |
| सार्वजनिक सरोकारका भवन र नगरपालिकाबाट निर्मित भवन लाइ निवेदन दस्तुर वाहेक अन्य शुल्क नलाग्ने | प्रति स्क्वायर फिट | निशुल्क | निशुल्क |
| प्रयोग प्रयोजन | | औद्योगिक, व्यापारिक | आवासिय र कृषि |
| ङ. जुनसुकै प्रकारको सेड वा कच्चीघर (ब्लक, ईटा,ढुङ्गाको गाह्रो वा फलामको डण्डी भएको) | प्रतिस्क्वायर फिट | ५ | २ |
| कम्पाउण्ड वाल | प्रति र.मी. | १ | ०.५० |
| नक्सा पास निवेदन दस्तुर | गोटा | ५०० | ५०० |
| निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर (क र ख वर्ग) | | १,००० | ५०० |
| निर्माण सम्पन्न प्रमाणपत्र दस्तुर (ग, घ र ङ वर्ग) | | २०० | १००।०० |

| | | | |
|---|---|---|---|
| नक्साको प्रतिलिपी | गोटा | १,००० | ५०० |
| नक्सा संसोधन (नक्सा पास दस्तुरको) | गोटा | १० प्रतिशत | १० प्रतिशत |
| नक्सा नामसारी (घरपरिवार भित्र) | पटक | १,००० | १,००० |
| नक्सा नामसारी (परिवार वाहिर) | पटक | २,००० | १,००० |
| नक्सापास समयवधि थप (नक्सापास दस्तुरको) | पटक | ५ प्रतिशत | ५ प्रतिशत |
| घर अभिलेखीकरण (२०६० भन्दा पछि नगरपालिका कार्यान्वयनमा आउनु पूर्व निर्माण भएका घरहरु) | | क र ख वर्गका घरहरुमा उपरोक्त दरमा ५० प्रतिशत छुट, ग, घ, ङ ६० प्रतिशत छुट | |
| घर अभिलेखीकरण (वि.स. २०६० भन्दा अगाडी बनेका घरधुरीहरु) | | क र ख वर्गका घरहरुमा उपरोक्त दरमा ८५ प्रतिशत छुट, ग, घ, ङ वर्गका घरहरुमा ९० प्रतिशत छुट | |

- नोट : भुकम्प पिडित लाभग्राहीहरुले नगरक्षेत्र भित्र घर निर्माण गर्दा १ हजार वर्ग फिट सम्मका घरको नक्सा पास गर्दा लाग्ने शुल्क शतप्रतिसत छुट दिने ।

## अनुसूची ८

(दफा १० संग सम्बन्धित)

**विज्ञापन कर**

क. ग्लो साइन बोर्ड, डिपिएस बोर्ड प्रति वर्ग फिट रु, ६५।-
ख. वालपेन्ट विज्ञापन प्रति वर्ग फिट रु, ६५।-
ग. व्यानर बढीमा एक महिनाको लागि प्रति गोटा रु, ३००।-

**कित्ताकाट सिफारीस गर्ने प्रयोजनको लागि जग्गाको वर्गिकरण**

| | |
|---|---|
| क वर्ग | राष्ट्रिय राजमार्गको मुख्य बजार क्षेत्रका घडेरी प्रयोजनका जग्गाहरु |
| ख, ग वर्ग | राष्ट्रिय राजमार्गको घडेरी प्रयोजन बाहेकका जग्गाहरु र सहायक राजमार्गका घडेरी प्रयोजनका जग्गाहरु |
| घ वर्ग | ग्रामीण सडकका जग्गाहरु |
| ङ, र च वर्ग | ग्रामीण भेगका अन्य जग्गाहरु |
| **जग्गा नाप नक्सा गरी सिमाना कायम गर्ने** | |
| | १ रोपनीसम्मका लागि एकपटक रु, १,०००।- |
| | १ रोपनी भन्दा वढीका लागि एकपटक रु, २,५००।- |

अनुसूची ९

(दफा १२ (१) सगँ सम्बन्धित)

<u>छुट तथा थप शुल्क</u>

१, कुनै उद्योगी, व्यवसायीले गत विगत वर्षको वांकी वक्यौता अनुसार तोकिएको कर दस्तुर २०७७ आश्विन मसान्त सम्म भुक्तानी गर्नेलाइ प्रोत्साहन स्वरुप वक्यैता रकममा हर्जना मिन्हा गर्ने, कार्तिक देखि पौष मसान्त भित्र भुक्तानी गर्नेलाइ १०% हर्जना र त्यसपछि पनि कर नतिर्ने उद्योगी व्यवसायीलाइ वार्षिक २०% हर्जना लगाइ कर असुल उपर गर्ने ।

२, आ.व. २०७६/०७७ को लागि तोकिएको कर दस्तुर मध्ये लकडाउनको चौमासिक अवधि (२०७६ चैत्र देखि २०७७ असार मसान्तसम्म) को कर सहुलियत स्वरुप छुट गरिएको छ । त्यसरी छुट लिन चाहने उद्योगी व्यवसायीले यस अघि नगरपालिकालाइ तिर्न वांकी वक्यौता सवै किसिमको कर दस्तुर रकम चुक्ता गरेको हुनु पर्ने छ ।

३, यस कार्यालयबाट आ.व. २०७६/०७७ मा सडक उपयोग कर संकलन ढुङगा, ग्राभेल, वालुवा, वेस, माटो विक्रिकर संकलनका लागि वोलपत्र प्रकृयावाट गरिएको ठेक्का संभ्कौता वमोजिमको कार्य शिवपुरी रा.नि.बाट रोक्का राखी भाद्र ३ देखि मंसीर १५ सम्म बन्द भएको र वन्द उद्योग खुलि कामसंचालन हुनलागेको लगतै चैत्र ११ देखि लकडाउनको कारण सवारीसाधन चल्न नसकेकोले नोक्सान पर्न गएको राजस्व छुटपाउन माग गरेअनुसार लकडाउन समेतको अवधिको हिसाव मिलान गरी वढीमा ६ महिना सम्म अवधिको राजस्व छुटगरी सहुलियत दिने ।

४, गत विगत वर्षमा तोकिए अनुसारको कर रकम वक्यौता नभएका उद्योगी, व्यवसायीले आ.व. २०७७/०७८ का लागि तोकिएको ५० हजार सम्म कर रकम पौष मसान्त भित्र एकमुष्ट चुक्ता गर्न चाहेमा र सोही आ.व. को लागि १ लाख रुपैया भन्दा वढी कर रकम निर्धारण भएको उद्योगी व्यवसायीले प्रत्येक चौमासिक अवधिमा विभाजन गरी भुक्तानी गर्न चाहेमा वार्षिक रकमलाइ विभाजन गरी प्रति चौमासिक अवधिको हुन आउने रकममा १०% का दरले छुट दिने व्यवस्था कायम गरिएको छ ।

बोलपत्रको माध्यमबाट कर, दस्तुर, शुल्क संकलन गर्ने फर्म/कम्पनी छनौट गरिएको अवस्थामा आ.व. २०७७/०७८ का लागि यस्तो छुट प्रदान गरिने छैन, तर संभ्कौताका वखत ठेकेदारले ठेक्का सकार रकम एकमुष्ट यस कार्यालयको खातामा जम्मा गरेमा ठेक्का सकार रकमको १०% रकम छुट दिइने छ ।